नेपाल सरकार

श्रम तथा रोजगार मन्त्रालय

**१०० दिनको सुधार कार्ययोजन (बोर्डसँग सम्वन्धित)**

(२०७२ पौष २४ गतेदेखि २०७३ वैशाख २९ गतेसम्म)

| क्र.सं. | कार्यक्रम | जिम्मेवार निकाय/पदाधिकारी | सहयोगी निकाय पदाधिकारी | समय सिमा | अपेक्षित उपलव्धी | कार्य प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारमा क्रमशः सर्बैभन्दा बढी कामदार जाने जिल्लाहरुको आधारमा बढीमा १० जिल्लावाट नमूनाको रुपमा जिल्लास्तरवाटै अभिमुखीकरण तालीम प्रदान गर्ने कार्यको शुरुवात गरिने<br>कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने<br>• पाठ्यक्रम तथा म्यानुयल तयार गर्ने ।<br>• सस्था छनौट तथा शुल्क निर्धारण गर्ने ।<br>• अनुगमन तथा नियमनको व्यवस्था मिलाउने ।<br>• हाल दिइदै आएको अभिमुखीकरण तालीमलाई प्रस्थान पूर्वको १ दिने तालीममा परिवर्तन गर्ने । | कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | | १०० दिन | १० जिल्लामा पाइलट कार्यक्रमको रुपमा लागू गर्ने | सेवा प्रवाह | |
| २. | भूकम्प पिडितको लागि लक्षित कार्यक्रम<br>• भूकम्पवाट अति प्रभावित ३ जिल्लाका वैदेशिक रोजगारीमा गएका व्यक्ति तथा तिनका भुकम्प पिडित परिवारलाई लक्षित गरी सहयोग कार्यक्रम सञ्चालन गर्ने ।<br>• गोरखा, धादिङ्ग, सिन्धुपाल्चोक जिल्लाका मुख्य समस्या रहेका स्थानमा कार्यक्रम गर्ने ।<br>• प्रत्येक जिल्लाका ५० जना पिडित परिवार पहिचान गर्ने ।<br>• तिनलाई उद्धमशिलता तालीम तथा वस्तुगत सहायता प्रदान गर्ने | कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | स्थानीय निकाय | १०० दिन | तालीम तथा वस्तुगत सहायता प्राप्त भएको हुने । | सेवा प्रवाह | |
| ३. | शिघ्र उद्धार तथा शव व्यवस्थापन कार्य<br>• अलपत्र परेका कामदारको उद्धार र अलपत्र परेका शव शिघ्र झिकाई घरसम्म पुऱ्याउने कार्यलाई थप प्रभावकारी बनाउन उद्धार तथा शव व्यवस्थापनको कार्यविधि निर्माण गर्ने । | कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय | १०० दिन | शिघ्र उद्धार र शव व्यवस्थापन कार्य प्रभावकारि भएको हुने । | नीतिगत | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | नयाँ अन्तराष्ट्रिय श्रम बजारको खोजी र प्रवर्द्धन सम्वन्धी कार्यलाई ३ देशको श्रम बजारको अध्ययन गरी प्रतिवेदन पेश गर्ने | श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | १०० दिन | नयाँ श्रम बजार सृजना भएको हुने । | नीतिगत | |
| ५. | सार्क क्षेत्रमा आप्रवासी कामदारको अधिकार रक्षाका लागि साझा अवधारणा तयार गर्न दुई दिन सार्क स्तरीय उच्च पदाधिकारी सम्मिलित मन्त्रीस्तरिय वैठकको आयोजना गर्ने । | श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | | १०० दिन | वैठक सम्पन्न भएको हुने । | नीतिगत | |
| ६. | मुख्य गन्तव्य मुलुकमा जाने कामदारहरुलाई मुलुकगत सूचना सामग्रीहरु, स्थानीय भाषाहरुमा समेत तयार पारी वितरण गर्ने । | कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | श्रम तथा रोजगार मन्त्रालय | १०० दिन | सूचना सामग्रीहरु तयार भई कामदारहरुलाई उपलब्ध भएको हुने । | नीतिगत | |
| ७. | बिदेशस्थित राजदूतावास/कुटनीतिक नियोगद्धारा हाल सञ्चालनमा रहेका सुरक्षित गृहहरुलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गर्ने । | कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | परराष्ट्र मन्त्रालय | १०० दिन | बिदेशस्थित अलपत्र परेका कामदारहरुको सुरक्षाको प्रत्याभूति हुने | कार्यालय व्यवस्थापन | |
| ८. | श्रम बैंक तथा कामदारहित मैत्री वित्तीय संस्था/कोष/सहकारी सम्वन्धी अवधारणा विकास गर्न विज्ञहर सहितको कार्यशाला गरी प्रतिवेदन पेश गर्ने । | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | श्रम तथा रोजगार मन्त्रालय | १०० दिन | कार्यशाला सम्पन्न भएको हुने । कामदार हित मैत्री वित्तिय संस्थाको अवधारणा विकास भएको हुने । | | |
| ९. | वैदेशिक रोजगारलाई आवश्यक पर्ने सीप विकास तालीम देशव्यापि रुपमा करिब ११,५०० जनालार्य प्रदान गरिने कार्यको थालनि गर्ने । | कार्यकारी निर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | | १०० दिन | दक्ष जनशक्ति उत्पादन भएको हुने । | सेवा प्रवाह | |
| १०. | वैदेशिक रोजगारमा जाने कामदाहरुको म्यादी जीवन बीमाको रकम वृद्धि गरी कम्तीमा १० लाख पुऱ्याउनका लागि बीमा कम्पनीसँग प्रतिस्पर्धाका आधारमा प्रिमियम समेत निर्धारण गरी कार्यान्वयन गर्ने । साथै मृतक कामदारहरुको क्षतिपूर्ति वापत हाल कायम रहेको रकम रु.३ लाखमा वृद्धि गर्ने । | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | कार्यकारी निर्देशक | १०० दिन | कार्यान्वयन भएको हुने | नीतिगत | |